# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७९/०८०
च. न. ९८२

मिति : २०७९/०४/२५

**श्री वडा कार्यालयहरु सबै,**
**कमल गाउँपालिका, झापा ।**

**विषय : व्यक्तिगत घटना दर्ताको आधिकारिकता सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कमल गाउँपालिकामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सम्बन्धी कार्य देहाय बमोजिमका वडाहरूमा देहायका मितिबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSP-MIS) अर्थात् अनलाइन प्रणालीबाट नै भइरहेको विदितै छ । सो सन्दर्भमा अनलाइन प्रणाली सुरु भएपछि प्रणालीबाट जारी हुने १३ अंक सहितको घटना दर्ताको प्रमाणपत्रलाई मात्र तहाँ कार्यालयको प्रयोजनको लागि आधिकारिक मान्यता दिनें व्यवस्था गर्नुहुन अनुरोध छ । यदि सो मिति पश्चात पनि कुनै कारणवश हस्तलिखित प्रमाणपत्र जारी भएको भए सो को अनलाइन प्रणालीबाट प्रतिलिपि दिने, दिलाउने व्यवस्था गर्नुहुन साथै अनलाइन प्रणाली सुरु हुनु अघिको मितिमा जारी भएका व्यक्तिगत घटना दर्ताको हकमा यो व्यवस्था लागु नहुने व्यहोरा जानकारी गराइन्छ । यस सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १४९, मिति २०७१।०४।०३ को व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा विषयको परिपत्र पनि यसै पत्रसाथ संलग्न गरिएको छ।

**तपसिल :**

| क्र.सं. | वडा कार्यालय | सुरु मिति |
|---|---|---|
| १ | वडा नं .१, कमल गाउँपालिका | २०७४/०२/१७ |
| २ | वडा नं .२, कमल गाउँपालिका | २०७४/०३/१२ |
| ३ | वडा नं .३, कमल गाउँपालिका | २०७४/०३/०१ |
| ४ | वडा नं .४, कमल गाउँपालिका | २०७४/०२/२१ |
| ५ | वडा नं .५, कमल गाउँपालिका | २०७३/१२/१६ |
| ६ | वडा नं .६, कमल गाउँपालिका | २०७३/१२/१५ |
| ७ | वडा नं .७, कमल गाउँपालिका | २०७३/१२/१६ |

बोधार्थ,
१. श्री शिक्षा तथा खेलकुद शाखा, कमल गाउँपालिका
२. श्री सम्पूर्ण विद्यालय, कमल गाउँपालिका
३. श्री सूचना प्रविधि शाखा, कमल गाउँपालिका (गाउँपालिकाको वेबसाइटमा राखिदिनुहुन ।)

राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत



Email:info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९४९

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

मिति :२०७९/०४/२३

विषयः व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा।

श्री पंजिकाधिकारी

श्री कन्सुलर सेवा विभाग,

श्री जिल्ला प्रशासन कार्यलय, सबै,

श्री ईलाका प्रशासन कार्यलय, सबै

यस विभागले व्यक्तिगत घटना (जन्म, मृत्यु, बिवाह, सम्वन्ध विच्छेद र बसाईसराइ) दर्ता र सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको कार्य सूचना प्रविधि प्रणाली (VERSP-MIS) मा आधारित रहेर गर्दै आएको विदितै छ। हाल ७५३ वटा स्थानीय तहका ६२६५ वडामा अनलाइन घटना दर्ता हुने गरेको र उक्त विवरण विभागको वेबसाईट https://donidcr.gov.np/Dashboard/ListVDC मा समेत अपलोड गरिएको छ। यस सन्दर्भमा विभागको अनलाइन प्रणालीबाट जारी हुने १३ अंक सहितको घटना दर्ताको प्रमाणपत्रलाई मात्र तहाँ कार्यालयको प्रयोजनको लागि आधिकारिक मान्यता दिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

बोधार्थः स्थानीय तह सबै, सम्पुर्ण विद्यालयमा माथि उल्लेखित विषयमा परिपत्र गर्नुहुन।

(मीना अर्याल)
निर्देशक

कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
३९९
२०७९/८/२४

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np